# सामूदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्धन कार्यक्रम
# कार्यविधि, २०७५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, नेपाल
वीरेन्द्रनगर, सुर्खेत

# सामूदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्दन कार्यक्रम
# कार्यविधि, २०७५

<u>प्रस्तावना</u>: खाध्य सुरक्षाको लागि शुद्ध बीउ व्यवस्थापन गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृधि गर्न, लोप हुन लागेका रैथाने बाली तथा अन्य बालीका जातहरुलाई संरक्षण गर्न स्थानीय कृषकहरुको सक्रियतामा कृषि व्यवसायमा आवद्ध बहुउदेश्यीय तथा कृषि सहकारी साझेदारीमा शुद्ध बीउको आपूर्ति र संरक्षण गर्न बाञ्छनीय भएकोले यस मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक बीउ बैंक स्थापना तथा विउ प्रवर्धन कार्यक्रम कार्यविधि, २०७५ तयार गरिएको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सामुदायिक बीउ बैंक स्थापना तथा विउ प्रवर्धन कार्यक्रम कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले मन्त्रालयको स्विकृत सहकारी संस्थाको साझेदारीमा ससर्त अनुदानमा स्थनीय तहहरुमा सामूदायिक बीउ बैंक तथा विउ प्रवर्दन कार्यक्रम सम्झनुपर्छ ।

(घ) "अनुदान रकम" भन्नाले सामूदायिक बीउ बैक स्थापना कार्यक्रम लागी उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ ।

(ङ) "अनुदानग्राही" भन्नाले व्यवसायिक रुपमा कृषि तथा पशुपन्छी जन्य बस्तु उत्पादन, विविधीकरण, प्रशोधन र बजारीकरण व्यवसाय सचालन गर्नका लागि छनौट भएका कृषि व्यवसायसँग आवद्ध सहकारी संस्था सम्झनु पर्दछ ।

(च) "सामूदायिक बीउ बैक" भन्नाले सामुहिक रुपमा कृषकहरुले बीउ भण्डारण गर्ने,संरक्षण गर्ने र बीउ सहज रुपमा उपलब्ध हुने ठाउँ सम्झनुपर्छ

मा.चित्राला के.सी.
मन्त्री

## परिच्छेद-२
## संचालन गरिने कार्यक्रम

३. अनुदान रकम प्रदान सकिने क्रियाकलापहरु::

(क) बीउ उत्पादन तथा बजारीकरण,

(ख) लोप हुन लागेका रैथाने बाली लगायत अन्य बाली बिरुवाका विभिन्न जातहरुको पहिचान, संकलन तथा संरक्षण,

(ग) बीउ संकलन तथा भण्डारण केन्द्रको स्तरोन्नति,

(घ) बीउ उत्पादन, प्याकेजिंग ढुवानी, प्रशोधन,लेबेलिंगको लागि आवश्यक मेसिनरी औजार सामग्री खरदि तथा प्राविधिक सेवा,

(ङ) जर्मप्लाज्मको स्वस्थानीय/खेति बारीमा संरक्षण,

(च) सामूदायिक बीउ बैंक संचालन तथा बीउ प्रवर्धन सम्बन्धि क्षमता अभिवृद्धि तालिम,

(छ) अनुगमन, निरिक्षर्ण तथा प्रमाणीकरण,

(ज) बीउ पुंजी चक्रिय संचित कोष (revolving fund) स्थापना ( उक्त चक्रीय संचित कोष स्थापना गर्न अनुदान प्रवाह गरिएको कुल रकमको कम्तिमा १५ प्रतिशत रकम छुट्याउनुपर्नेछ र उक्त १५ प्रतिशत रकमले हुन आउने रकमको २५% अनुग्राहिको तर्फबाट जम्मा गरी बीउ पुंजी चक्रिय संचित कोष (revolving fund) स्थापना गरिनेछ) ।

४. अनुदान प्रवाह गर्ने प्राथमिकताका आधारहरुः

(क) बीउ उत्पादन तथा बजारीकरणमा संलग्न भएका सहकारीहरू,

(ख) बीउ संकलन तथा भण्डारण केन्द्र जस्ता भौतिक पूर्वाधार भएका कृषि सहकारीहरू,

(ग) लोप हुन लागेका स्थानीय रैथाने  जातहरुको पकेट क्षेत्र ,

(घ) बीउ उत्पादन पकेट क्षेत्रका सहकारी ,

(ङ) प्राविधिक जनशक्ति भएको,

(च) सहकारीले ओगटेको बीउ उत्पादन जग्गाको क्षेत्र फल ,

(छ) बीउ पुंजी चक्रिय संचित कोषमा योगदान,

(ज) विभिन्न बालिका जातहरुको प्रकार ।

आ.विमला के.सी.
मन्त्री

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रक्रिया

५. अनुदान प्रवाह गर्ने निकाय : अनुदान प्रवाह गर्ने निकाय मन्त्रालय अन्तर्गतका कार्यालयहरु रहनेछन्।

६. सूचना प्रकाशन तथा प्रस्ताव आव्हानः (१) कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ बमोजिम सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ। सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

(२) प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग आवद्ध सहकारीले अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) प्रस्ताव साथ निम्न वमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछ :

(क) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

(ख) संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि

(ग) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र

(घ) गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण

(ङ) भौतिक संरचना स्तरोन्नति हकमा संस्थागत रुपमा जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी

(च) कार्यालयसंग कारोबार गर्ने सामूदायिक बीउ बैक व्यवस्थापन समिति गठनसहित संस्थागत आधिकारिक निर्णयको प्रतिलिपि |

(छ) मन्त्रालय/कार्यालयले तोकेको अन्य कागजातहरु |

७. प्रस्तावको मूल्याङ्कन तथा छनौटः प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्न प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति गठन गरिनेछ । समितिले दफा ४ बमोजिम स्थानीय सम्भाव्यता र प्राविधिक आवश्यकताका आधारमा प्रस्ताव मुल्यांकन आधार र मापदण्ड निर्धारण गरी प्राप्त प्रस्तावहरुको मूल्यांकन तथा छनौट गर्नेछ ।

८. प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः (१) प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछः-

क. विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, - संयोजक

ख. आर्थिक शाखा प्रमुख, सम्बन्धित कार्यालय - सदस्य

ग. खरिद ईकाइ प्रमुख, सम्बन्धित कार्यालय -सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ। समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तु परक बनाउन समितिका सदस्यहरु मध्ये बाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ। उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

(४) कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई सात दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

## ९. सामूदायिक बीउ बैक व्यवस्थापन समितिः-

१) सम्वन्धित कृषि ज्ञान केन्द्रसँग भएको सम्झौता बमोजिमका कार्यहरु सञ्चालन गर्न र सामूदायिक बीउ बैक व्यवस्थापनका लागि सम्वन्धित सहकारीहरुले कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय सामूदायिक बीउ बैक व्यवस्थापन समिति गठन गर्नेछन् । समितिको सदस्यहरु सम्बन्धित बाली/वस्तुको बीउ उत्पादन र बीउ संरक्षर्णमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ । उक्त समितिमा सम्बन्धित कृषि ज्ञान केन्द्र केन्द्रले तोकेको एक जना कृषि प्राविधिक र सम्बन्धित पालिकाको कृषि शाखा प्रमुख सदस्य हुनेछन् ।

२) दुई वा दुई भन्दा बढी सहकारी मिलि कार्यक्रम सञ्चालन गर्न चाहेमा सहभागी समुह/सहकारीलाई समेटी व्यवस्थापन समिति गठन गरि सोही समिति मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

३) सामूदायिक बीउ बैक व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) सम्वन्धित कृषि ज्ञान केन्द्रसँग भएको सम्झौता बमोजिमका कार्यहरु सञ्चालन गर्ने,

ख) सामूदायिक बीउ बैक व्यवस्थापनका लागि वार्षिक रुपमा कार्ययोजना तयार गरी सोहि अनुसार कार्यक्रम संचालन गर्ने |

ग) चक्रीय संचित कोषको सहि कार्ययोजना सहित बीउ उत्पादन, संरक्षण र बजारीकरणको लागि परिचालन गर्ने ,

घ) व्यवस्थापन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बसी कृषि ज्ञान केन्द्रमा प्रगति प्रतिवेदन पेश गर्ने,

ङ) बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ,

च) सामूदायिक बीउ बैक व्यवस्थापन सम्बन्धि आन्तरिक आचारसंहिता (code of conduct) तयार गरी लागु गर्ने,

छ) बैठक लगायत सामूदायिक बीउ बैक व्यवस्थापनको लागि आवश्यक अन्य सम्पूर्ण क्रियाकलाप आर्थिक कार्ययोजना बनाई प्रचलित कानुन वमोजिम खर्च गर्नु पर्नेछ |

कलिला के.सी.
मन्त्री

ज) सामूदायिक बीउ बैक व्यवस्थापन समितिको छुटै खाता खोलि अनुदान रकम भुक्तानीको लागि माग गर्ने ।

१०. <u>अनुदान रकमको सम्झौता र भुक्तानी</u> : कार्यक्रम संचालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछ ।

(१) सम्झौता गर्ने अनुदान प्रवाह गर्ने निकायले प्रस्ताव छनौट भएको सम्बन्धित संस्थाको सामूदायिक बीउ बैक व्यवस्थापन समितिसंग सहकारी र स्थानीय तह/ वडा अध्यक्ष को रोहबरमा अनुसूची-४ अनुसार सम्झौता गर्नु पर्नेछ ।

(२) अनुदान रकम भुक्तानी र खर्च विधिः अनुदान रकमको भुक्तानी अनुदान ग्राहिको बैंक खाता मार्फत बढीमा २ किस्तामा गरिनेछ ।

क) सम्झौता भएपछि अनुदान ग्राहिले निवेदनसहित कृषि ज्ञान केन्द्रमा पेश्की माग गरेमा पेश्की वापत अनुदान रकमको २०% उपलब्ध गराइनेछ ।

ख) सबै कार्य सम्पन्न भई स्थानीय तहको सिफारिस, सहकारीको सिफारिस र निवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम अन्तिम किस्ताको रुपमा भुक्तानी गरिनेछ ।

ग) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

घ) सम्झौता अनुसार कार्यसम्पादन गरी भुक्तानीको लागि बिल भर्पाइ, प्रतिबेदन सहित निवेदन पेश गरेको सातदिन भित्र आवश्यकतानुसार कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

११. <u>अनुदानग्राहीलाई अनुदान रकम सिमाः</u> स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा लागत अनुमानको आधारमा रैथाने बाली संरक्षणमा ८०% र अन्य मेसिनरी औजार तथा चालु खर्चमा ६०% अनुदान रकम प्रदान गरिनेछ ।

## परिच्छेद-४

## अनुगमन मूल्याङ्कन

१२. <u>अनुगमन मूल्याङ्कन</u> : कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

मा. विमला के.सी.
मन्त्री

## परिच्छेद-५
## विविध

१३. **प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

१४. **बाधा अड्काउ फुकाउनेः-** (१) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

(२) यो कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-१

दफा ६ को उप-दफा १ सँग सम्बन्धित

## सामूदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्दन कार्यक्रम लागि प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस ..............................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सामूदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्दन कार्यक्रम लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका कृषि व्यवसायसँग सम्बन्धित सहकारीबाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............ दिन भित्र ..................कार्यालयमा तपसिल अनुसारका कागजातहरु एवं अनुसूची ...... अनुसार व्यवसायिक योजना सहित आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि ...................................मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात:

(क) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) संस्थागत निर्णय र सहकारीको हकम विनियम वा विधानको प्रतिलिपि ।

(ग) सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।

(घ) गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।

(ङ) भौतिक संरचना स्तरोन्नतिको हकमा संस्थागत रुपमा जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

(च) कार्यालयसंग कारोबार गर्ने सामूदायिक बीउ बैंक व्यवस्थापन समिति गठनसहित संस्थागत आधिकारिक निर्णयको प्रतिलिपि ।

(छ) मन्त्रालय/कार्यालयले तोकेको अन्य कागजातहरु ।

मा.विमला के.सी.
मन्त्री

अनुसुची -२

दफा ६ को उप-दफा २ सँग सम्बन्धित

<u>निवेदनको ढाँचा</u>

मिति

विषयः ............................... अनुदान रकम उपलव्ध गरि पाउ ।

श्रीमान् ........................... ज्यु ,

............................................

महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरु/व्यक्ती वाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............... नामक सहकारी संस्थाले .................. कार्य संचालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु १० को टिकट टास गरि अनुसुचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौं/छु ।

निवदेक

कृषि सहकारी संस्था/सञ्चालक समिति

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

मा.विमला के.सी.

मन्त्री

अनुसूची -३

दफा ६ को उप-दफा (२) सँग सम्बन्धित

<u>प्रस्तावको ढाचा</u>

खण्ड १: आवेदक संस्थाको विवरण

| आवेदक संस्थाको | नामः.................................................... |
|---|---|
| आवेदकको पुरा ठेगाना | जिल्लाः.................................................................<br>गा.पा/न.पाः..........................वडा नंः................<br>गाँउ/टोलः................................ ईमेल.....................<br>टेलिफोन नंः........................................................ |
| कार्यक्रम ठेगाना | १. सम्पर्क व्यक्तिको नामः.................................<br>२.टेलिफोन.......................मोवाईलः..................................<br>३ इमेल.................................................. |
| आवेदकसंस्थाको किसिम/नाम (कुनै एक मात्र चिन्ह लगाउने) | १. कृषक समूह २.कृषिसहकारी ३.उद्यमी ४.समूह सहकारीमा आबद्ध कृषक ५.अन्यखुलाउने)...............................<br>........................................ |
| संस्था स्थापना भएको मिति | गते/महिना/बर्ष........................................................... |
| सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको | दर्ता नम्बर ..............................................................<br>सस्था दर्ता गर्ने निकाय.................................................<br>मितिः(दिन/महिना/बर्ष).................................................... |
| भ्याट/प्यानदर्ता नं. | .............................................................. |
| बैक खाता विवरण | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.:<br>खाता संचालकहरुको नामः |

मा. विमला के.सी.
मन्त्री

खण्ड २ . कार्यक्रम/योजनाको विवरणः

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |
| प्रस्ताव पेश गरेको कृषिमूल्य श्रृङ्खला | |
| कुल लागत रु. | |
| स्थानीय तहले व्यहोर्ने रकम रु. | |
| अनुदान माग गरिएको रकम रु. | |
| कार्यक्रम संचालन स्थल | जिल्लाः<br>.......................न.पा./गा.पा.<br>वार्ड नंः<br>स्थान/गाउँ/टोल :<br>सम्बन्धित वडाध्यक्षको नाम र सम्पर्क न. |
| जम्मा लाभान्वित हुने संख्या | |
| प्रस्तावित कार्यक्रमको प्रमुख उद्देश्य | •<br>• |
| प्रस्तावित कार्यक्रमका मुख्य क्रियाकलाप | प्रस्तावित क्रियालकपहरुको संक्षिप्त विवरण बढीमा ५०० शब्द भित्र (के, कसरी, कस्ले, कहाँ गर्ने)<br>क्रियाकलाप १<br>क्रियाकलाप २<br>• |

डा.विमला के.सी.
मन्त्री

खण्ड ३ वितिय योजना (व्यवसायिक कृषि कार्यक्रमको कृयाकलाप, बजेट तथा लागत साझेदारीको बिस्तृत बिवरण)

| सि.न. | कार्य बिवरण | एकाई | परिमाण | दर | जम्मा रकम रु. | लागत साझेदारी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदानग्राही साझेदारी रु. | माग गरेको अनुदान रु |
| क. | पूँजिगत खर्च (मेसिनरी औजार उपकरणहरु) | | | | | | |
| १.१ | | | | | | | |
| .. | .... | | | | | | |
| २. | | संख्या | | | | | |
| २.१ | | | | | | | |
| | पूँजिगत खर्च जम्मा (क) | | | | | | |
| ख् | चालु खर्च | | | | | | |
| १. | उत्पादन सामग्रीहरु | | | | | | |
| १.१ | | | | | | | |
| २. | पारदर्शिता तथा सुशासन | | | | | | |
| २.१ | सार्वजनिक सूचना पाटी/होर्डिंग बोर्ड | | | | | | |
| २.२ | कार्यक्रमको अन्तिम प्रतिबेदन तयारी | | | | | | |
| ३. | प्राविधिक सेवा परामर्श खर्च | | | | | | |
| | चालु खर्च जम्मा (ख) | | | | | | |
| | कार्यक्रमको कुल खर्च (क+ख) | | | | | | |

नोटः भौतिक पूर्वाधारहरु स्तरोन्नतिको लागि डिजाइन, लेआउट तथा लागत ईस्टिमेट मन्त्रालय वा अन्तर्गतका निकाय वा स्थानीय तह वा अन्य आधिकारिक निकायको आधिकारिक व्यक्तिले तयार गरेको हुनुपर्ने छ ।

मा.विमला के.सी.
मन्त्री

अनुसूची–४

दफा १० उप-दफा (१) सँग सम्बन्धित

## सम्झौता पत्रको नमूना

यो सम्झौता पत्र............कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................ सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०७५ साल महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको सामूदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्धन सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा दुई किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ,

    १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

    २. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि बाकि रकम अन्तिम किस्ताको रुपमा भुक्तानी ।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ......................................................................) र दोस्रो पक्षको लागत सहभागिता रु. .....................................(अक्षरेपी..........................................................) व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको सामूदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्धन सम्बन्धी सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. भौतिक पूर्वाधार स्तरोन्नति तथा मर्मत सम्भार गर्दा दोस्रो पक्षले स्तरोन्नति तथा मर्मत सम्भारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।

८. दोस्रो पक्षले कार्यक्रमको सुरुमा र कार्यसम्पन्न भएपछि १/१ पटक सार्वजनिक जानकारीका लागि सार्वजनिक सुनुवाई गराउनु पर्नेछ ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

आ.विमला के.सी.
मन्त्री

१०. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

११. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१२. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१३. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

पहिलो पक्ष

दस्तखत :-
नाम :-
पद :-
सम्पर्क नम्बरः
मिति :-
कार्यालयको छाप :-

दोस्रो पक्ष

दस्तखत :-
नाम :-
पद :-
सम्पर्क नम्बरः
मिति :-
संस्थाको छाप :-

रोहवर (स्थानीय तहको प्रतिनिधि र सहकारी अध्यक्ष)

दस्तखत :-
नाम :-
पद :-
ठेगाना :-
मिति :-

दस्तखत :-
नाम :-
पद :-
ठेगाना :-
मिति :-

मा.विमला के.सी.
मन्त्री